# सहलगानी सम्बन्धी कार्यविधि, २०७७ बारेमा जानकारी

## १. सहलगानी भनेको के हो र किन आवश्यक छ ?

नेपाल सरकार र प्रदेश, प्रदेश र स्थानीय तह, नेपाल सरकार र स्थानीय तह तथा नेपाल सरकार, प्रदेश एवं स्थानीय तहले कुनै आयोजनाको निर्माण तथा सञ्चालनको लागि गर्ने आनुपातिक लगानी नै सहलगानी हो। नेपालको संविधान बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको पारस्परिक समन्वय र सहकार्यको आधारमा सहलगानीको माध्यमबाट समग्र भौतिक तथा व्यावसायिक क्षेत्रको पूर्वाधार निर्माणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न, सङ्घ, प्रदेश र स्थानीय तहको सहभागितामा आर्थिक प्रतिफलयुक्त परियोजना सञ्चालन गर्न, व्यावसायिक रुपमा सम्भाव्य परियोजनामा लगानी सुनिश्चित गरी ती आयोजनाको सञ्चालनमा प्रदेश र स्थानीय स्वामित्वभाव विकास गर्न।

## २. समपूरक अनुदान र सहलगानीमा के फरक छ ?

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न प्रदान गरिने अनुदान समपूरक अनुदान हो। समपूरक अनुदानमा प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रम/आयोजनामा कूल लागत अनुमानको अधिकतम पचास प्रतिशतसम्म अनुदान प्रदान गरिन्छ। यसरी अनुदान प्रदान गर्दा समपूरक अनुदान सम्बन्धी कार्यविधी, २०७५ ले तोकेको सीमाभित्रका कार्यक्रम/आयोजनामा मात्र अनुदान प्रदान गरिन्छ।

संघ, प्रदेश र स्थानीय तहले सहलगानीमा सञ्चालन गर्ने कार्यक्रम/आयोजनाको लागि तत्-तत् तहहरुबाट हुने आनुपातिक लगानी नै सहलगानी हो। यसरी लगानी गर्दा सहलगानी सम्बन्धी कार्यविधी, २०७७ ले तोकेको न्यूनतम सीमा भन्दा माथिका कार्यक्रम/आयोजनाको लागि मात्र लगानी गरिन्छ। सहलगानीका कार्यक्रम/आयोजनाको लागि अधिकतम लागत सीमा तोकिएको छैन।

## ३. सहलगानी कुन कुन पक्षको बिचमा गरिन्छ ?

(क) नेपाल सरकार र प्रदेश,

(ख) प्रदेश र स्थानीय तह,

(ग) नेपाल सरकार र स्थानीय तह र

(घ) नेपाल सरकार, प्रदेश एवं स्थानीय तह।

**४. सहलगानी गर्न सकिने कार्यक्रम/आयोजना के के हुन् ?**

(क) सहलगानी सम्बन्धी कार्यविधि, २०७७को दफा ११ बमोजिमको न्युनतम लागत भएका प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित अधुरा आयोजना,

(ख) सुरूङ्ग मार्ग, सडक, पुल, फ्लाइओभर र विमानस्थल निर्माण,

(ग) मेट्रोरेल, मोनोरेल, केवल कार, रोपवे र आन्तरिक जल यातायात निर्माण तथा सञ्चालन,

(घ) जलविद्युत, सौर्य उर्जा, वायु उर्जा तथा अन्य वैकल्पिक उर्जा उत्पादन तथा वितरण

(ङ) भूमि बैङ्क स्थापना र सञ्चालन,

(च) खानीजन्य वस्तुको उत्खनन तथा प्रशोधन,

(छ) कृषि तथा वनजन्य वस्तुहरूको व्यावसायिक उत्पादन, प्रशोधन तथा भण्डारण,

(ज) फोहोरमैलाको व्यावसायिक व्यवस्थापन,

(झ) सामुदायिक विद्युतीकरण (प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण),

(ञ) आवास योजना, स्मार्ट सिटी, सिटी हल तथा प्रदर्शनी केन्द्र निर्माण,

(ट) व्यावसायिक एकीकृत बस्ती विकास र स्थानान्तरणसँग सम्बन्धित पूर्वाधार (आवास योजना समेत) निर्माण,

(ठ) प्रत्यक्ष रूपमा आम्दानी प्राप्त गर्न र सञ्चालन खर्च व्यवस्थापन गर्न सक्ने पर्यटन पूर्वाधार तथा औद्योगिक पूर्वाधार निर्माण,

(ड) बहुउद्देश्यीय जलाशय निर्माण।

(ढ) खेलकुदका पूर्वाधार विकास।

**५. सहलगानीमा संचालन हुने कार्यक्रम/आयोजनाको लगानीका न्यूनतम सीमा कति हुने ?**

स्थानीय तहको आयोजनाको हकमा गाउँपालिका वा नगरपालिकामा कम्तीमा बीस करोड रुपैयाँ तथा उपमहानगरपालिका वा महानगरपालिकामा कम्तीमा पचास करोड रुपैयाँ र प्रदेश स्तरको आयोजनाको हकमा कम्तीमा एक अर्ब रूपैयाँ।

**६. सहलगानीको कार्यक्रम/आयोजना संचालन गर्ने कार्यविधि के/कस्तो छ ?**

सहलगानीमा छनौट भएका आयोजनाको कार्यान्वयन सम्बन्धित प्रदेश वा स्थानीय तहबाट हुनेछ। सम्बन्धित प्रदेश वा स्थानीय तहले आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने वार्षिक कार्यक्रम र खरिद गुरूयोजना सार्वजनिक खरिद ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही तयार गर्नु पर्नेछ।

**७. सहलगानीको कार्यक्रम/आयोजनाको संचालन अवधि कति हुन्छ ?**

सहलगानीमा सञ्चालन गर्ने गरी छनौट भएका आयोजनाको कार्यान्वयन गर्नु पर्ने अवधि बढीमा पाँच वर्षको हुनेछ।

**८. सहलगानीका कार्यक्रम/आयोजनाको प्राथमिकताका आधार के के हुन् ?**

(क) उच्च आर्थिक वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणमा सहयोग पुग्ने,

(ख) विकासका दृष्टिले प्रदेश र स्थानीय तहमा सन्तुलन कायम गर्ने र सङ्घमा प्रदेश र स्थानीय तहको परनिर्भरतालाई घटाउने,

(ग) स्थानीय स्रोत, साधन र अवसरको उपयोग गर्ने,

(घ) आयोजना बैङ्कमा सूचीकृत भएका आयोजनाहरू.

(ङ) विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाईन, स्पेसिफिकेसन, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन लगायतका पूर्व तयारीहरू पूरा भएको आयोजना।

**९. सहलगानी अन्तर्गत के/कस्ता आयोजना समावेश गर्न सकिदैन ?**

(क) समानीकरण, सशर्त, विशेष तथा समपूरक अनुदानमा सञ्चालन गर्ने गरी छनौट भएका आयोजनासँग दोहोरो परेका आयोजना।

(ख) स्थानीय तहको आयोजनाको हकमा गाउँपालिका वा नगरपालिकामा कम्तीमा बीस करोड रुपैयाँ तथा उपमहानगरपालिका वा महानगरपालिकामा कम्तीमा पचास करोड रुपैयाँ र प्रदेश स्तरको आयोजनाको हकमा कम्तीमा एक अर्ब रूपैयाँ न्यूनतम लागत नभएको आयोजना।

**१०. प्रदेश र स्थानीय तहले सहलगानीका आयोजना सञ्चालनका लागि कहाँ र कहिले प्रस्ताव पेश गर्नुपर्दछ ?**

आगामी आर्थिक वर्षमा सञ्चालन गरिने आयोजनाको लागि चालू आर्थिक वर्षको कार्तिक मसान्तभित्र एक/एक प्रति विवरण नेपाल सरकारको सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगमा रहेको आयोजना बैङ्कमा पेश गर्नु पर्नेछ। तर आर्थिक वर्ष २०७७/७८ मा सहलगानीमा कार्यान्वयन गर्ने आयोजनाको हकमा माघ १५ गतेभित्र त्यस्ता आयोजना पेश गरी सक्नुपर्नेछ।

**११. सहलगानीका आयोजना कसले र कहिलेसम्म छनौट गरी सक्नुपर्नेछ ?**

आगामी आर्थिक वर्षमा सञ्चालन गरिने आयोजनाको लागि चालू आर्थिक वर्षको पौष मसान्तभित्र निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ र निर्देशक समितिले फागुन मसान्तभित्र आयोजना छनौट

गरिसक्नु पर्नेछ। तर आर्थिक वर्ष २०७७।०७८ मा सहलगानीमा कार्यान्वयन गर्ने गरी बजेटमा प्रस्तावित भएका र सो आर्थिक वर्षमा सहलगानीमा कार्यान्वयन गर्ने अन्य आयोजनाको हकमा भने फागुन मसान्तभित्र निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ र निर्देशक समितिले चैत्र १५ गतेभित्र आयोजना छनौट गरिसक्नु पर्नेछ।

**१२. आयोजना सहजीकरण र छनौटका लागि गरिएको संस्थागत व्यवस्था कस्तो छ ?**

सहलगानीबाट सञ्चालन हुने आयोजनाको प्राथमिकीकरण गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष सिफारिस गर्न नेपाल सरकारको विषयगत मन्त्रालयको सचिवको संयोजकत्वमा आठ सदस्यीय प्राविधिक समिति रहनेछ। यसैगरी, आयोजनाको आवश्यकता पहिचान, छनौट र कार्यान्वयनको लागि समन्वय र सहजीकरण गर्न राष्ट्रिय योजना आयोगको उपाध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य संयोजकत्वमा एघार सदस्यीय निर्देशक समिति रहनेछ।

**१३. प्रदेश र स्थानीय तहले आयोजना सञ्चालन गर्न व्यवस्थापन गर्नुपर्ने स्रोत र सो को व्यवस्थापन के/कस्तो छ ?**

(क) सहलगानीको लागि नेपाल सरकार, प्रदेश र स्थानीय तहले निर्देशक समितिले तोकेको मापदण्डका आधारमा छुट्टै शीर्षकमा बजेट विनियोजन गर्नु पर्नेछ।

(ख) सहलगानी स्वरूप लगानी गरिने रकम वार्षिक कार्यक्रममा समावेश गरी वार्षिक विनियोजनमार्फत नेपाल सरकारबाट सम्बन्धित प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गरिनेछ।

(ग) सहलगानीको लागि प्रदेश वा स्थानीय तहले गर्ने लगानीको अंश सोही रूपमा वित्तीय हस्तान्तरण हुने आयोजनामा लगानी गर्नु पर्नेछ।